आज मिति २०७७/०९/०२ गते बिहिबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो।

उपस्थितिः

| नामथर | पद |
|---|---|
| श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| ज्ञानेन्द्र शर्मा | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर बहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिन नामगेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङ्गो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवी गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छीरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थितिः

| | |
|---|---|
| सुदर्शन पौडेल | अधिकृत ( छैंठौं) |

**प्रस्तावहरुः**

**प्रस्ताव नं. १ प्रशासकीय भवनको अतिरिक्त कार्यको भुक्तानि सम्बन्धमा।**

**प्रस्ताव नं. २ मुक्तिनाथ मन्दिर एवं धारा परिशर मर्मत को रकम भुक्तानी दिने सम्बन्धमा ।**

**प्रस्ताव नं. ३ खिङ्गा हिर्कु सिंचाइ कुलो र झोङ कुलो मर्मत भुक्तानी सम्बन्धमा।**

**प्रस्ताव नं. ४ रोजगार संयोजक छनोट /परिक्षाको खर्च भुक्तानी सम्वन्धमा।**

**प्रस्ताव नं. ५ जनप्रतिनिधिको सुविधा उपलब्ध गराउने सम्बन्धमा।**

**प्रस्ताव नं. ६ संघ संस्था दर्ता तथा नविकरण कार्यविधि पारीत गर्ने सम्बन्धमा।**

**प्रस्ताव नं. ७ द्रुत प्रतिकार्य टोलि (RRT) गठन सम्बन्धमा।**

**प्रस्ताव नं. ८ होस्टेल सञ्चालनको लागि अनुमति दिने सम्बन्धमा।**

**निर्णयहरुः**

**निर्णय नं.१ः** प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँपालिका कार्यालयको निर्माणाधिन प्रशासकीय भवनमा स्थानिय संस्कृती झल्किने काठ (झ्याल ढोका माथि) प्रयोग भएको तर उक्त काठ राख्ने विषय लागत अनुमानमा नपरेको र योजना सम्झौतामा समेत उल्लेख नभएको अवस्थामा सो वापतको खर्च गाउँपालिकाले ब्यहोर्ने निर्णय गरीयो।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं. १ स्थित मुक्तिनाथ मन्दिर एवं धारा परिशर मर्मत योजना (Repair and Maintenance of Muktinath temple) वापत प्राविधिक मुल्याङ्कन अनुसारको रकम भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा बाढीले क्षति पुऱ्याय पस्चात मर्मत कार्य सम्पन्न भएको खिङ्गा हिर्कु सिंचाइ कुलो मर्मा र झोङ कुलो निर्माणको भुक्तानी मिति २०७७/६/३० को कार्यपालिकाको निर्णयबाट आकस्मिक कोषबाट दिने भनिएको तर सो कोषमा रहेको रकम अपुग रहेको हुँदा सो को भुक्तानी भैपरी आउने पुजिँगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा वारागुङ मुक्तिक्षेत्र गाउँपालिको कार्यालयको लागि रोजगार संयोजक छनोट गर्दा लाग्ने प्रस्नपत्र निर्माण, परीक्षा सञ्चालन, नतिजा प्रकाशन गर्दा लाग्ने खर्च र अन्य विविध ( बैठक भत्ता, खाजा खर्च लगायत) खर्च बापतको रकम भुक्तानी दिने निर्णय गरीयो यसरी भुक्तानी दिदाँ प्रश्न पत्र निर्माण, परीक्षा सञ्चालन, उत्तर पुस्तिका परिक्षणको लागि लोकसेवा आयोगको मापदण्ड अनुसार भुक्तानी दिने र बैठक भत्ताको लागि प्रचलित नियमानुसार हुने निर्णय गरीयो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा लामो समय देखि जनप्रतिनिधिहरुको सुविधा भुक्तानी नभएकोले यस कार्यपालिकाको कुनै शिर्षकबाट ब्यबस्थापन गर्ने गरी रु. एक करोड ( हिसाव गरी) जनप्रतिनिधिहरुको सुविधाको भुक्तानिका लागि अनुमति दिने निर्णय गरीयो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ठ) ले दिएको अधिकार बमोजिम यस गाउँपालिकामा संघ संस्था दर्ता गर्नको लागि कानुनी आधार प्रदान गर्न " वारागुङ मुक्तिक्षेत्र गाउँपालिका संघ संस्था दर्ता तथा नविकरण कार्यविधि- २०७७" पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं. ७ माथि छलफल गर्दा जनस्वास्थ्य सेवा ऐनको दफा ४८ (१) बमोजिम यस गाउँपालिकामा आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुऱ्याउन तपशिल बमोजिमको द्रुत प्रतिकार्य टोलि (RRT) गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| १) खगेन्द्र बोहरा | हे.अ. | संयोजक |
| २) तारानाथ अधिकारी | अ.हे.व. | सदस्य |
| ३) दिपा कुँवर | अ.न.मी. | सदस्य |
| ४) अनिता शाही | अ.न.मि. | सदस्य |
| ५) शान्ति बि.क. | का.स. (झारकोट) | सदस्य |

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा मुस्ताङ बोन एक्सनले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं.१ लुप्रा मा होस्टेल सञ्चालन गर्न अनुमति मागेको हुँदा उक्त संस्थालाइ कानुन बमोजिम प्रकृया पुऱ्याइ अनुमति दिने निर्णय गरयो ।